# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, वैशाख ३१ गते २०४२ साल ( अतिरिक्ताङ्क ५ (क)


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना १

श्री ५ महाराजाधिराजका हजूरमा माननीय परराष्ट्र मन्त्री श्री पद्मबहादुर खत्री र माननीय गृह सहायक मन्त्री श्री रामध्यान रायले स्वास्थ्यको कारण देखाई प्रधानमन्त्री श्री लोकेन्द्रबहादुर चन्दमार्फत आ-आफ्नो पदबाट चढाई पठाउनुभएको राजीनामा मौसूफका हजूरमा जाहेर हुँदा, मौसूफबाट नेपालको संविधान बमोजिम उक्त राजीनामाहरू स्वीकृत गरिबक्सेको छ ।

### सूचना २

श्री ५ महाराजाधिराजका हजूरमा अख्तियार दुरूपयोग निवारण आयोगका प्रमुख आयुक्त श्री अनिरुद्धप्रसाद सिंहले सम्वत् २०४२ साल वैशाख ३१ गतेका मितिमा उक्त प्रमुख आयुक्तको पदबाट चढाई पठाउनुभएको राजीनामा मौसूफका हजूरमा जाहेर हुँदा मौसूफबाट निजले इमान्दारीपूर्वक गरेको कामका लागि धन्यवाद बक्सँदै सो राजीनामा स्वीकृत गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।